ISSN: 2594-3421 (Print), 2773-8191 (Online)

# BMC JOURNAL OF SCIENTIFIC RESEARCH

A Multidisciplinary Peer Reviewed Research Journal

Volume 6 December 2023

**Published by:**

**Research Management Cell**

Birendra Multiple Campus

Bharatpur, Chitwan, Nepal

**Research Management Cell**

| | | |
|---|---|---|
| Prof. Dr. Sita Ram Bahadur Thapa | - | Coordinator |
| Prof. Dr. Harihar Paudyal | - | Member |
| Prof. Arun Kumar Shrestha | - | Member |
| Prof. Dr. Krishna Prasad Paudyal | - | Member |
| Assoc. Prof. Dr. Dhaneshwar Bhattarai | - | Member |
| Assoc. Prof. Dr. Manoj Kumar Lal Das | - | Member |
| Assoc. Prof. Dr. Krishna Prasad Sapkota | - | Member |
| Assoc. Prof. Dr. Ek Narayan Paudyal | - | Member |
| Assoc. Prof. Dr. Ganga Raj Pokhrel | - | Member |

**Publisher:**
**Research Management Cell**
Birendra Multiple Campus, Bharatpur, Chitwan, Nepal
E-mail: rmcbirendra@gmail.com

Copyright © 2023:
**Research Management Cell**
Birendra Multiple Campus, Bharatpur, Chitwan, Nepal

**ISSN: 2594-3421 (Print), 2773-8191 (Online)**
Reproduction of this publication for resale or other commercial purpose is prohibited without prior written permission of the copyright holder.
Printed in **Siddhababa Offset Press**, Bharatpur, Chitwan, Nepal, Contact: 9855050040

**Price :** 200/-

## Contents


1. **Quality of Life Among Elderly People in Chitwan District, Nepal** 1-15
   Jiwan Kumar Poudyal, Dhanendra Veer Shakya, Sumitra Parajuli, Govinda Prasad Dhungana
2. **Theoretical Investigation of the Thermodynamic Properties of Lead-free Ternary Alloys Sn-Sb-Bi and their Subsystems** 16-30
   Sanjay Kumar Sah, Indu Shekhar Jha, Ishwar Koirala
3. **Surface Tension of Liquids (Water, Chloroform and Acetone) by Capillary Rise Method** 31-36
   Dipak Raj Adhikari, Tek Bahadur Budha, Anup Basnet, Shesh Kant Adhikari, Shiva Pd. Baral
4. **Study of Fiber Yielding Plants of Devchuli Municipality Ward no.13, Nawalparasi** 37-45
   Pooja Pokharel and Manoj Kumar Lal Das
5. **Study of Quality and Damping Factor at First and Second Resonance of Closed Organ Pipe** 46-54
   S.K. Adhikari
6. **Ethnobotanical and Phytochemical Study of *Houttuynia cordata* Thunb: A Review** 55-62
   Hari Devi Sharma, Janardan Lamichhane, Smriti Gurung and Balkumari Oliya
7. **Impact of Mandatory Corporate Social Responsibility on Beneficiary Institutions Satisfaction in Nepal** 63-72
   Sudip Wagle
8. **University Students' Knowledge and Attitudes about Plagiarism: A Web-Based Cross-Sectional Study** 73-81
   Hari Prasad Upadhyay, Bijay Lal Pradhan, Prativa Sedain
9. **Social Biases and Equity Investment Decisions of Individual Investors: Behavior Finance Perspective** 82-96
   Mohan Prasad Sapkota, Shiva Bhandari
10. **Customers' Trust in E-payment : The Influence of Security and Privacy** 97-112
    Omkar Poudel1, Pradeep Acharya and Daya Simkhada
11. **ARIMA and Exponential Smoothing Model to Forecast Average Annual Precipitation in Bharatpur, Nepal** 113-125
    Sarad Chandra Kafle, Ekta Hooda
12. **Impact of Intellectual Capital on Firms' Performance: With Perspective of Commercial Banks in Chitwan** 126-135
    Udaya Kumar Shrestha

13. **Impact of GDP and Inflation on Stock Market in India: A Case Study of BSE Index** 136-148
Satyendra Kushwaha, Sarad Chandra Kafle, Baburam Khanal

14. **Awareness of People on Functions of Local Government in Nepal** 149-161
Lila Prasad Limbu

15. **Gender Based Knowledge on the Reservation System in Nepal** 162-171
Purnima Shrestha

16. **'परमानन्द' महाकाव्यमा छन्दविधान** 172-179
दामोदर रिजाल

17. **योद्धा उपन्यासमा वर्गपक्षधरता** 180-191
प्रभा मरहट्टा कोइराला

18. **विश्वेश्वरप्रसाद कोइरालाको 'सान्नानी' कथामा प्रजाति** 192-200
राजेन्द्र गिरी

BMC JOURNAL OF SCIENTIFIC RESEARCH
*A Multidisciplinary Peer Reviewed Research Journal*
ISSN: 2594-3421 (Print), 2773-8191 (Online)

# योद्धा उपन्यासमा वर्गपक्षधरता

**प्रभा मरहट्ठा कोइराला**

त्रिभुवन विश्वविद्यालय, वीरेन्द्र बहुमुखी क्याम्पस, भरतपुर, चितवन।
E-mail: koiralaprabha@gmail.com

*Received: July 19, 2023, Accepted: Nov. 1, 2023*

**सारसङ्क्षेप**

*प्रस्तुत लेख यदुनाथ भट्टराईद्वारा लिखित योद्धा उपन्यासमा अभिव्यक्त वर्गपक्षधरता अध्ययनमा केन्द्रित छ। यस लेखमा उपन्यासलाई मार्क्सवादी ऐतिहासिक द्वन्द्वात्मक भौतिकवादी कसीमा राखी वर्गीय पक्षधरता अध्ययन गरिएको छ। नेपाल कम्युनिस्ट पार्टी माओवादीले २०५२ सालदेखि सुरुवात गरेको जनयुद्धकालीन परिवेश र घटनाहरूलाई विषयवस्तु बनाइएको यस उपन्यासमा निम्नवर्गीय समस्या, उत्पीडन तथा तिनै वर्गको सक्रियतामा सुरुवात गरिएको वर्गीय सङ्घर्षका उद्देश्यहरूलाई महत्त्व दिई सोही वर्गको हक, हितका पक्षमा वकालत गरिएको छ। त्यसैले यस लेखमा योद्धा उपन्यासमा वर्गपक्षधरता कसरी अभिव्यक्त गरिएको छ भन्ने प्राज्ञिक जिज्ञासा समाधान गर्ने उद्देश्यमा अध्ययनलाई केन्द्रित गरिएको छ। उपन्यासमा जनयुद्धमा कमान्डर बनेका प्रमुख पात्रहरूका बाल्यकालीन जीवनशैली, पहाडी भूभागका समस्या तथा सेना, पुलिसको जागिर छोडेर जनयुद्धमा समर्पित भई बलिदानीका साथ लडेका साहसिक क्रियाकलापलाई मुख्य विषयवस्तु बनाइएको छ। गाउँका सामन्त, शोषकहरूले राज्यसंयन्त्रसँगै शक्ति, सत्ताको पक्षमा लागेर निहत्था जनतालाई दुःख दिएका तथा चरम यातना दिएर मारेका घटनाहरू उपन्यासमा चित्रण गरिएको छ। उपन्यासमा जनयुद्धमा सहभागी सबै पात्रहरूमा वर्गीय पक्षधरता देखिन्छ। तत्कालीन निरङ्कुश राजतन्त्रात्मक संसदीय प्रणाली विरोधी आन्दोलनका रूपमा सुरुवात गरिएको जनविद्रोह नै वर्गयुद्ध रहेको देखिन्छ। यसलाई दमन गर्न अन्य राजनीतिक दलसमेत लागेको देखिन्छ। उपन्यासमा तत्कालीन माओवादी पार्टीले सुरुवात गरेको जनयुद्धलाई पृष्ठभूमि बनाएर पात्रहरूले गरेका विद्रोहपूर्ण सङ्घर्षमा वर्गपक्षधरतालाई सचेत रूपमा चित्रण गरिएको छ। जनयुद्ध समाजमा रहेका जातीय, वर्गीय, लैङ्गिक विभेद तथा सबै प्रकारका उत्पीडनबाट मुक्तिका चाहनामा लक्षित रहेको सन्देश उपन्यासले दिएको छ। समाजमा व्याप्त राजनीतिक, आर्थिक, सामाजिक शोषण, दमन र अन्यायका विरुद्धमा चलाएका अभियानहरूमा उपन्यासलाई केन्द्रित गरिएको छ। यसर्थ यस लेखमा योद्धा उपन्यासमा उत्पीडित वर्गीय, श्रमजीवी तथा सर्वहारा वर्गीय पक्षधरता रहेको निष्कर्ष निकालिएको छ।*

***शब्दकुञ्जी** : पक्षधरता, प्रतिरोध, वर्गचेतना, विद्रोह, वैचारिक चिन्तन।*

## १. विषयप्रवेश

वि.सं.२०७८ मा प्रकाशित *योद्धा* उपन्यासका रचनाकार यदुनाथ भट्टराई हुन्। लामो समय शिक्षण पेशामा आबद्ध उनले हाल अवकाशप्राप्त जीवनलाई साहित्य साधनामा केन्द्रित गरेको देखिन्छ। नेपाली साहित्यका कथा, कविता, गीत, निबन्धजस्ता विधाहरूमा कलम चलाएर विभिन्न पत्रिकाहरूमा प्रकाशित गर्दै आएका भट्टराईको यसअगाडि *युद्ध र शान्ति* निबन्धसङ्ग्रह प्रकाशित भएको देखिन्छ। *योद्धा* उपन्यास उनको दोस्रो पुस्ताकाकार कृति हो। यस उपन्यासमा नेपालका पहाडी भूभागका समस्या, जनयुद्धको सुरुवात, विद्रोहपूर्ण सङ्घर्षहरू चित्रण गरिएको छ। तामाङ, मगर, गुरुङजस्ता जनजाति समुदायले मातृभाषा जसरी नेपाली भाषा उच्चारण गर्दा देखिने आञ्चलिक भेदयुक्त भाषाशैली मिश्रण गरी सर्वहारावादी दृष्टिकोणबाट वर्गीय समाजको सग्लो चित्र उतारिएको छ। उपन्यासमा माओवादी पार्टीले सुरुवात गरेका जनयुद्धकालीन घटनाहरूलाई प्रमुख विषयवस्तु बनाइएको छ।

तत्कालीन अवस्थामा उत्पीडित जनताको पक्षमा, सामन्ती राज्यसत्ताका विरुद्धमा बोलेकै कारण सर्वसाधारणलाई पटकपटक यातना दिने, पक्राउ गरी मार्ने, बेपत्ता पार्ने गरेका कारण कतिपय सेना, पुलिसले समेत जागिर छोडेर जनयुद्धमा लागेका यथार्थ उपन्यासमा उद्घाटन गरिएको छ। गाउँका शोषक, सामन्तहरु प्रतिक्रियावादी राज्यसत्ताको संरक्षणमा लागेर जनतालाई शोषण, दमन र अन्यायमा पारेका कुराहरूलाई नजिकैबाट स्पर्श गरेर उनीहरूकै कठिनपूर्ण जीवन भोगाइका अनुभूतिहरूलाई उपन्यासमा आख्यानीकरण गरिएको छ। यसर्थ यो उपन्यास गरिबी, अभाव र तनावमा बाँचेकाहरूले समतामूलक, स्वतन्त्र

र न्यायमूलक समाज स्थापनाका निम्ति गरेका सङ्घर्षका आसुले लेखिएको वर्गीय सङ्घर्षको दस्तावेज हो । उपन्यासमा तत्कालीन माओवादीमा लागेर मुक्तिसङ्ग्राममा समर्पित वीर योद्धाहरूका त्याग, बलिदान र साहसिक क्रियाकलापहरूलाई वर्णन गरिएको छ । गाउँका फटाहा, शोषक, सामन्तीहरूलाई कारवाही गर्दा राज्यसत्ताबाट निशस्त्र जनतामाथि गरिएका सशस्त्र कारवाही तथा हत्याकाण्डहरू वर्णन गर्दै उपन्यासमा सामाजिक रूपान्तरणका लागि जनप्रतिरोध जारी राख्नुपर्ने सन्देश दिइएको छ। गाउँका चेलीबेटीहरु बेचबिखन गर्ने, अनेक प्रपञ्च मिलाएर ग्रामीण वासिन्दाहरूलाई शोषण, दमन गर्ने जस्ता अनेक कुकृत्यका विरुद्धमा सशक्त आवाज उठाउँदा देशद्रोहीको आरोप लगाएर गिरफ्तार गर्ने, यातना दिने तथा मार्ने गरेका राज्यसंयन्त्रका कुरूप चरित्र प्रस्तुत गदै विद्रोही आवाजलाई प्राथमिकता दिइएको छ। उपन्यासमा एउटा वगर्मा राज्यसंयन्त्रका शासक, कर्मचारी, पुलिस, सेना तथा गाउँका शोषकहरू रहेका छन् भने अर्को वर्गमा सदियौँदेखि शोषण, दमन र अन्याय सहेर बसेका आमग्रामीण जनताहरू रहेका छन् । शान्तिपूर्ण रूपमा सामाजिक रूपान्तरण तथा न्यायमूलक समाजको खोजी गर्दा चर्को दमनमा परेका आमजनता राज्यसत्ताको सशक्त दमनपछि त्यसको प्रतिरोधमा माओवादी पार्टीसँग एकाकार भई सशस्त्र युद्धमा लागेका घटनाहरूलाई उपन्यासमा विशेष महत्व दिइएको छ । समाजमा भएका अन्याय, अत्याचार, शोषण, दमन, विकृति, विसङ्गतिहरूको विरोध गर्दै न्यायमूलक समाजको खोजी गरिएको हुँदा उपन्यास प्रगतिवादी बनेको छ।

प्रगतिवादी आख्यानमा जहिले पनि श्रमजीवी, निमुखा वर्गीय पक्षधरतामा हुन्छ । गरिबी र अभावमा बाँचेका निमुखा जनतामाथि गरिएका शोषण, दमनको विरोधमा उभिएको हुन्छ। *योद्धा* उपन्यास यस्तै सामाजिक अवस्थाका कारण नेपालमा २०५२ सालपछि सुरुवात भएको माओवादी जनयुद्धकालीन सङ्घर्ष, प्रतिरोधहरूलाई विषयवस्तु बनाएर रचना गरिएको छ । यहाँ शोषक वर्गका बेथिति, विसङ्गति, शोषण, दमन र अन्यायका विरुद्धमा शोषित, उत्पीडित वर्गले सशक्त आवाज उठाउँदा द्वन्द्वको स्थिति सुरुवात भएको छ। राज्यसंयन्त्रले जनताका जायज मागमाथि चर्को दमन गरी सशस्त्र कारवाही तथा हत्याकाण्ड मच्चाउँदा त्यसका विरुद्धमा उत्रिएका जनता पनि हतियार उठाउन बाध्य हुन्छन् भने यसमा दोषी राज्य नै हुन्छ । राज्यसंयन्त्रले जनताले पालेका जनताकै रक्षक सेनालाई नै भक्षक बनाएर दुरुप्रयोग गरेपछि रक्तपातपूर्ण वर्गद्वन्द्वको स्थिति सिर्जना भएको परिवेश रहेको *योद्धा* उपन्यासमा यस द्वन्द्वका कारण धेरै जनधनको क्षति भएको सङ्केत गरिएको छ। यसर्थ यस लेखमा *योद्धा* उपन्यासमा केन्द्रित भई वर्गपक्षधरता अध्ययन गर्नु नै मुख्य उद्देश्य बनाइएको छ ।.उपन्यासलाई अन्य दृष्टिकोणबाट पनि अध्ययन गर्न सकिने भए तापनि मार्क्सवादी अवधारणमा आधारित भई वर्गीय पक्षधरताका दृष्टिकोणबाट मात्रै अध्ययन गर्नु नै यस लेखको सीमा रहेको छ।

**२. अध्ययनको समस्या**

गाउँका शोषक, सामन्तहरु प्रतिक्रियावादी राज्यसत्ताको संरक्षणमा लागेर जनतालाई शोषण, दमन र अन्यायमा पारेका कुराहरूलाई नजिकैबाट स्पर्श गरेर उनीहरूकै कठिनपूर्ण जीवन भोगाइका अनुभूतिहरूलाई आख्यानीकरण गरिएको *योद्धा* उपन्यासमा वर्गपक्षधरता केकसरी अभिव्यक्त गरिएको छ भन्ने प्राज्ञिक जिज्ञासा नै यस लेखको मुख्य समस्या रहेकको छ

**३. अध्ययनको उद्देश्य**

गरिबी, अभाव र तनावमा बाँचेकाहरूले समतामूलक, स्वतन्त्र र न्यायमूलक समाज स्थापनाका निम्ति गरेका जनसङ्घर्ष, जनविद्रोहजस्ता मुक्तिसङ्ग्राममा समर्पित वीर योद्धाहरूका त्याग, बलिदान र साहसिक क्रियाकलापहरूलाई वर्णन गरिएको *योद्धा* उपन्यासमा केन्द्रित भई त्यहाँ अभिव्यक्त वर्गपक्षधरता निरुपण गर्नु नै यस लेखको मुख्य उद्देश्य रहेको छ।

**४. अध्ययन विधि**

'*योद्धा उपन्यासमा वर्गपक्षधरता*' शीर्षकमा केन्द्रित भई *योद्धा* उपन्यासमा अभिव्यक्त वर्गपक्षधरताको अध्ययन गर्ने क्रममा उपन्यासलाई सूक्ष्मरूपमा अध्ययन गरी प्राथमिक सामग्री सङ्कलन गरिएको छ। यही उपन्यासलाई आधारभूत सामग्रीका रूपमा उपयोग गरिएको छ भने यस उपन्याससँग सम्बन्धित विभिन्न टीका, लेखहरूलगायत मार्क्सवादी वर्गचेतना तथा वर्गपक्षधरतासँग सम्बन्धित सैद्धान्तिक ज्ञानका सामग्रीहरू सबै अध्ययन गरी आवश्यकताअनुसार द्वितीय सामग्रीका रूपमा उपयोग गरिएको छ। उपन्यासका बारेमा गरिएका विश्लेषणलाई आधार मान्दै निगमनात्मक विधि उपयोग गरेर विषयवस्तुको खोजी गरिएको छ। अध्ययन गर्ने क्रममा मार्क्सवादी वर्गीय पक्षधरताका दृष्टिकोणबाट पाठविश्लेषण विधिको प्रयोग गरी आवश्यक तर्क र साक्ष्यद्वारा पुष्टि गरिएको छ । साहित्यिक कृति अध्ययन तथा विश्लेषण गुणात्मक प्रकृतिको हुने हुँदा आगमनात्मक विधिबाट दृष्टान्तहरू प्रस्तुत गर्दै निष्कर्षमा पुग्ने प्रयास गरिएको छ।

## ५. मार्क्सवादी सिद्धान्त र वर्गपक्षधरता

जनवर्गीय सङ्घर्ष, जनजीविकाका समस्या तथा पीडादायी अनुभूतिहरूलाई समेटेर प्रगतिवादी चिन्तन प्रस्तुत गरिएको साहित्य नै मार्क्सवादी साहित्य हो । यस्तो साहित्यले आमजनताको उन्नति र विकासको कामना गर्छ, समाजलाई अग्रगमनतर्फ रूपान्तरण गर्न सहयोग गर्दछ । प्रगतिवाद मार्क्सवादी वैचारिक चिन्तनको साहित्यिक अभिव्यक्तिको हो । प्रगतिवादी आख्यानको स्रोत नै समाज हुन्छ । समाजमा भएका शोषण, दमन, अन्याय, हत्या, हिंसा, बलात्कार, राजनीतिक, आर्थिक, सामाजिक बेथिति, विसङ्गति आदिप्रति विद्रोही आवाज उठाउनु मार्क्सवादी साहित्यको उद्देश्य हो । हरेक समाजमा शासक-शासित, गरिखाने-बसीखाने, उत्पीडक-उत्पीडित आदिजस्ता दुई विपरीत वर्गहरू हुन्छन् । यी वर्गका बिचमा टकरावपूर्ण अन्तर्सम्बन्ध रहेको हुन्छ । शोषक, सामन्त वर्गले जहिले पनि शक्ति र सत्तासँग मिलेर श्रमजीवी तथा सर्वहारा आमजनतामाथि शोषण, दमन गरी निरास पारेका हुन्छन् । त्यसैले *मार्क्सवादी साहित्य निरासाको विरुद्ध आशा, अँध्यारोको विरुद्ध उज्यालोको पक्षमा आवाज उठाउने सिद्धान्त हो, यसले श्रमजीवी वर्गीय पक्षधरतालिँदै वर्गसङ्घर्षको लागि अभिप्रेरित गर्दछ* (लुकास, २०६७, पृ. ३५) । प्रगतिवादी साहित्यमा उपयोग गरिएका पात्रहरूमध्ये कोही शोषणमुखी राज्यसत्ताका पक्षधरमा उभिएका हुन्छन् भने कोही तिनका विरुद्धमा सचेत वर्गीय चेतना, वर्गपक्षधरताका साथ निम्न वर्गमा समर्पित भएका जुझारु, क्रान्तिकारी, आशावादी निम्न वर्गीय पात्रहरू प्रयोग गरिएको हुन्छ । तिनै क्रान्तिकारी पात्रहरूमार्फत प्रतिक्रियावादी राज्यसत्ताको अन्त्य गराई वर्गविहीन सुन्दर समाज निर्माण गर्ने परिकल्पना गरिएको हुन्छ । मार्क्सवादी साहित्य जहिले पनि शोषित, उत्पीडित, किनारीकृत वर्गका समस्या र जनजीवीकासँग जोडिएको हुन्छ । यसको वर्गीय न्यायका लागि सचेतना विकास हुनु पहिलो शर्त हुन्छ तसर्थ वर्गीय पक्षधरता तथा प्रतिरोध, वैचारिकद्वन्द्व तथा सङ्घर्षलाई सफल पार्न सहयोग गर्ने मान्यता राख्दछ ।

प्रगतिवादी साहित्यले भ्रष्ट शासक, सामन्तहरूका चरित्र उद्घाटन गर्दै दमन, शोषणकै पृष्ठभूमिबाट वर्गीय पक्षधरता तथा सचेतना निर्माणमा सहयोग गर्छ । जहाँ वर्गसङ्घर्ष हुन्छ त्यहाँ वर्गीय पक्षधरता तथा वर्गीय प्रतिरोध हुन्छ । तिनीहरूले गरेका अत्याचार, शोषण, दमनकै पृष्ठभूमिबाट किनारीकृत तथा उत्पीडित जनतामा कतिपय वर्गीय सचेतना निर्माण हुन्छ । वर्गीय चेतनाले वर्गीय पक्षधरता तथा प्रतिरोधको वातावरण निर्माण गर्छ । समतामूलक न्यायमूलक समाज निर्माणका लागि वर्गीय प्रतिरोधी आवाज बुलन्द बनाउनु साहित्यको धर्म हो । *मार्क्सवादले साहित्य र कलालाई विचारधारात्मक अधिरचनाको अङ्ग मान्छ र वर्गीय सचेतना विस्तारमा त्यसको निर्णायक भूमिका रहने मान्यता राखेको छ* (मिश्र, २०६७, पृ. १२१) । सामन्तवर्गले पनि चलाखीपूर्ण रूपमा साहित्यलाई हतियार बनाई गरीबी र अभावमा बाँचेका जनताकै उपयोग गरेर तिनीहरूका विरुद्धमा उपयोग गर्दछन् । कतै चेतनाका अभावका कारण गरीबी र अभावमा बाँचेकाहरू आफ्नै वर्गको विरुद्धमा लागेर शोषक र सामन्त वर्गलाई सहयोग गरिरहेको स्थिति फेला पार्न सकिन्छ । यसले सामन्त, शोषकहरूलाई अझै शोषण र दमन गर्न सहयोग पुऱ्याउने गर्दछ । त्यसैले निम्नवर्गीय जनताले आफ्ना वर्गीय हक, हितका लागि आवाज उठाउँदा सङ्गठित रूपमा एकताबद्ध भएर उठाउनुपर्ने हुन्छ, नत्र सीमित शोषक शासकहरूले असीमित श्रमजीवी जनतालाई शोषण, दमन गरिरहने वातावरण निर्माण हुन्छ । शोषणमुखी राज्यसंयन्त्रले सेना, पुलिसको प्रयोग गरेर पनि आमजनताले उठाएका जायज मागहरूलाई बेवास्ता गर्दै सशस्त्र दमन, गिरफ्तार हत्या, हिंसा आदि गर्न थाले भने जनता पनि त्यसको विरुद्धमा बाध्य भएर हतियार उठाउन विवश हुन्छन् । हतियार उठाउनेलाई शासक वर्गले देशद्रोहीको संज्ञा दिदै उनीहरूका अग्रगामी माग तथा आन्दोलन तहसनहस बनाउने प्रयास गरेका हुन्छन् । नेपालमा २०५२ सालबाट सुरुवात भएको माओवादी विद्रोह त्यसैको परिणाम हो । यसरी सशस्त्रद्वन्द्व हुँदा सरकार तथा विद्रोही दुबै पक्षबाट र जनता चेपुवामा पर्न सक्छन् । एकातर्फ जनताकै समस्या र मुद्दा उठाएर सङ्घर्ष गरेको वर्ग जनताकै आश्रयमा बाँचेका हुन्छन् भने अर्कोतर्फ राज्यसंयन्त्रका सेना, पुलिसहरूले माओवादीलाई पालेका नाममा सर्वसाधारणलाई हत्या, हिंसा गर्ने, यातना दिने, कतिपय स्थानमा आमा, दिदीबहिनीहरूलाई निर्ममतापूर्वक यातना दिएर बलात्कार जस्ता घृणात्मक घटनाहरू घटाउने गर्छन् । यस्ता घटनाले कुनै न कुनै रूपमा समाज रूपान्तरणको माग गर्छ र राज्यसंयन्त्रबाट गरिएका दिनदिनका हत्या, हिंसा, दमन, यातना सहन नसकेका कतिपय कुराहरूमा सम्झौता गर्दै कतिपय कुरामा विमति राख्दै विपरीत वर्ग बिचको टकरावपूर्ण सम्बन्धलाई अगाडि बढाउने योजना निर्माण हुन्छ ।

प्रगतिवादी आख्यान विचारबाट निर्देशित हुन्छ । वर्गीय समाजमा दमित वर्गमाथि थोपरिएका उत्पीडन बुझेपछि त्यसको विरुद्धमा प्रतिरोधी आवाज उठाउनु प्रगतिवादको धर्म हो । प्रगतिवादी आख्यान संसारका शोषण, दमन र उत्पीडनमा परेका

श्रमजीवीवर्ग एक हौं भन्ने उद्देश्यबाट प्रेरित हुन्छन् । सबै प्रकारका उत्पीडन तथा विभेदहरूबाट उन्मुक्तिको खोजी गरी उच्चस्तर ीय चेतनाको विकास गर्ने काम मार्क्सवादी साहित्यले गरेको हुन्छ । वर्गीय सामाजिक जनजीवन र परिस्थितिसँगको सङ्घर्षकै क्रममा लेखकीय विचारधारा निर्माण हुन्छ र त्यही विचार लेखकले वर्गीयहितका निम्ति सचेतना थप्ने गरेर मार्क्सवादी साहित्य रचना गरेका हुन्छन् । यस दृष्टिमा *मार्क्सवादी तथा प्रगतिवादी साहित्य नै सबैभन्दा बढी शक्तिशाली हुन्छन् र बाह्य जगत्को बोधका माध्यमबाट लेखकले साहित्य जगत्लाई पनि विचारधारात्मक अवस्थासम्म पुऱ्याउँछन्* (भट्टराई, २०६२, पृ. ३६८) । यही कारण कतिपय शक्ति र सत्ताको पालनपोषणमा बाँचेका बुर्जुवा साहित्यकारहरूले मार्क्सवादी साहित्यलाई राजनीतिक नाराका रूपमा आलोचना गरेर किनारीकृत गर्ने प्रयास पनि गरेका हुन्छन् । मार्क्सवादी साहित्य बुर्जुवा व्यवस्था, आर्थिक, र ाजनीतिक व्यवस्थाका विरुद्धमा उन्नत सामाजिक व्यवस्थाका पक्षमा उदयमान साहित्य हो । यसर्थ मार्क्सवादी साहित्यबाट बुर्जुवाहरू टाढै बस्न खोज्छन् ।

प्रतिक्रियावादी सरकारले आफ्नो शक्ति र सत्तालाई निरन्तरता दिन राज्यसंयन्त्रका पुलिसहरू, सेना, प्रशासन, जेल, न्यायपालिका, धार्मिक प्रपञ्चहरूसमेत उपयोग गरेका हुन्छन् । शोषण, दमन, अन्याय विरुद्धका आवाजलाई जबर्जस्ती कुल्चने प्रयास गरेका हुन्छन् । मार्क्सवादी आख्यानमा यस्ता कुरामा वर्गीय सचेतना विस्तार गरेर सचेत विद्रोहका लागि आह्वान गरिएको हुन्छ । वर्गीय सङ्घर्षका क्रममा पुँजीवादी तथा सामन्ती राज्यसत्ताका बेथितिपूर्ण सामाजिक व्यवस्थाको पतनको सङ्केत गरिएको हुन्छ । पुँजीवादी भ्रष्ट शासक, पुलिस तथा प्रशासनका कर्मचारीहरूका चरित्र भण्डाफोर गर्नु तथा उत्पीडित, शोषित वर्गमाथि साहनुभूति प्रकट गर्नु पनि प्रगतिवादी साहित्यको धर्म हो । *पुँजीवादी समाजमा सर्वहारा वर्ग सर्वाधिक रूपमा शोषित, उत्पीडित हुन्छन्, त्यही वर्गले शोषण, दमनका विरुद्धमा नेतृत्व गरेको हुन्छ* (पाण्डेय, २०६७, पृ. १५७ ) । नेपालमा सर्वहारा वर्गीय आन्दोलनको नेतृत्व कम्युनिष्ट पार्टीले गरेको देखिन्छ । कम्युनिष्टहरुले नै वैज्ञानिक विचार र जीवनशैलीको पक्षमा वकालत गरेको देखिन्छ । नेपाली समाजमा जति वैज्ञानिक चेतनाको विकास भएको छ, वैज्ञानिक चिन्तन थपिएको छ, त्यसमा कम्युनिष्ट आन्दोलन र मार्क्सवादी विचारधाराकै भूमिका महत्त्वपूर्ण रहेको देखिन्छ । विचार बिनाको विद्रोहले क्रान्ति सम्भव छैन.। यसलाई चिर्ने विशेष हतियार कला र साहित्य हो । शोषणमुखी व्यवस्थाका नीति, नियमहरूमा प्रतिबद्ध साहित्यकार आमजनताबाट अलग भई मालिक वर्गका भक्त बन्नकै लागि साहित्यहरू रचना गर्छन् र त्यही वर्गको नजिक पुग्नुलाई आफ्नो चरम पुरुषार्थ सम्झन्छन् । यसको ठीक विपरीत शोषण, सामन्ती राज्यव्यवस्थाका विरुद्धमा लागेका साहित्यकारहरू शोषण, उत्पीडनमा परेका जनताको सेवामा जति नजिक पुग्यो त्यति नै खुसी हुन्छन् । तिनीहरूका समस्या र उत्पीडनहरूलाई विषयवस्तु बनाउँदै त्यसका विरुद्धमा वकालत गरिरहेका हुन्छन् । *जनवर्गीय समस्या, आवश्यकताअनुकूल नीति, नियम बनाउनु पर्ने कुराको समर्थन गर्दै साहित्यहरू रचना गरिरहेका हुन्छन्* (ज्ञवाली, २०७१, पृ. ३७२-३७४) । यस्तै साहित्यले सचेत विद्रोह तथा प्रतिरोध गर्न सिकाउँछ । यसले वर्गीय पक्षधरतालाई सबल र विश्वशनीय बनाउँछ । विद्रोह क्रान्तिको उन्नत स्वरूप हो । लोभ, स्वार्थमा लागेर विद्रोह हुदैन । विद्रोहले अस्तित्वको खोजी गर्दै उन्नति, प्रगति र सभ्यतालाई अगाडि बढाएको हुन्छ । विद्रोहले चिन्तनमा परिवर्तनसमेत ल्याउँछ । त्यसैले वैचारिकधारबाट निदे र्शित साङ्गठनिक विद्रोहबाट क्रान्तिलाई सफलताको बाटोमा डोऱ्याउन सकिन्छ । यही कुरा मार्क्सवादी साहित्यले उद्बो धन गर्छ । शोषणमुखी राज्यव्यवस्थाका विरुद्धमा मुक्तिकामी जनताले गरेका विद्रोहलाई समेटेर शोषित, उत्पीडित वर्गीय पक्षधरता देखाई प्रगतिवादी साहित्यकारले साहित्य रचना गरेका हुन्छन् । जनपक्षीय साहित्यले वर्गीय चेतना विकास गरी प्रतिरोध, पक्षधरता तथा र वैचारिक सङ्घर्षलाई समेत सहयोग गर्छ र मुक्ति सङ्घर्षका निम्ति शक्तिशाली योगदान दिन्छ । यही मार्क्सवादी वर्गपक्षधरताका कसीमा *योद्धा* उपन्यास यसअगाडि कसैले पनि सूक्ष्म अध्ययन नगरेका हुँदा यहाँ अभिव्यक्त वर्गप्रेम, वर्गसङ्घर्ष, वर्गीयमुक्ति, वर्गप्रतिरोध आदिका माध्यमबाट वर्गपक्षधरता अध्ययन गर्नु यस लेखको मुख्य उद्देश्य हो ।

### ६. *योद्धा* उपन्यासमा वर्गपक्षधरता

*योद्धा* उपन्यासमा २०५२ सालबाट नेपाल कम्युनिस्ट पार्टी माओवादीले सुरुवात गरेको जनयुद्धकालीन घटनालाई आख्यानीकरण गरी विभिन्न घटना तथा पात्रका माध्यमबाट मार्क्सवादी विचार प्रस्तुत गरिएको छ । उपन्यासमा प्रजातन्त्रको पुनर्स्थापनापछि पनि गरिबी र अभावमा बाँचेकाहरूको उच्चशिक्षामा पहुँच नहुनु, विद्यालयमा अराजक राजनीति हुनु, पहाडी भूभागमा पीडादायी अभावका समस्या हुनु, गाउँकै सामन्तले सानोतिनो कुरामा पनि शोषण, उत्पीडन थप्नुजस्ता घटनाहरूबाट विषयवस्तुको उठान गरिएको छ । सामन्ती युगबाट सङ्क्रमण काल हुँदै वर्गचेतना, वर्गपक्षधरताका साथ वर्गसङ्घर्षमा आबद्ध

भएका पात्रहरूले जनयुद्धलाई सहयोग गरेर समतामूलक तथा न्यायमूलक समाज स्थापना हुनेमा विश्वस्त रहेको आशावादी दृष्टिकोण उपन्यासमा प्रस्तुत गरिएको छ । यस अध्ययनमा *योद्धा* उपन्यासमा अभिव्यक्त वर्गपक्षधरताको अभिव्यक्तिलाई वर्गीयपात्र तथा वर्गीयप्रेम, वर्गपक्षधररता तथा प्रतिरोध, वर्गसङ्घर्ष तथा वर्गीयमुक्ति जस्ता उपशीर्षकमा केद्रित भई अध्ययन गरिएको छ ।

**६.१. वर्गीय पात्र तथा वर्गीय प्रेम**

निजी सम्पत्तिका कारण व्याप्त शोषण, दमन, अन्यायकै पृष्ठभूमिबाट समाजमा वर्गहरू निर्माण भएका हुन्छन् । वर्गीय समाजको आख्यान वर्गीय नै हुन्छ र वर्गीय पात्रहरू आख्यानकारका मनबाट जन्मेका हुन्छन् । पात्रहरूकै माध्यमबाट आख्यानकारले आफ्ना विचार सम्प्रेषण गरेका हुन्छन् । पात्रहरू वर्गीय चेतना, पक्षधरता, घृणा तथा वर्गीय भावनाहरू प्रस्तुत गर्ने माध्यम हुन् । पात्रहरूमार्फत नै आख्यानकारले कुन वर्गप्रति झुकाव राखेर सहानुभूति प्रकट गरेका छन् भन्ने कुरा प्रष्ट हुन्छ । बहुल पात्रहरू प्रयोग गरिएको *योद्धा* उपन्यासमा कालु, शमसेर, हस्तवीर, दिलु, टौमाया, जगमान, सरला, फूलमति, सुनसरा, आशा, विष्णु, मोहन, मैत पुन, मतराज, शिवराज, मीनप्रसाद, धनप्रसाद, सानुमाया, कान्छी, आमै, स्कुले बालबालिका आदि गरिवी र अभावमा बाँचेका गाउँलेहरूका सर्वहारा वर्गीय प्रतिनिधि पात्र हुन । कालुकी बहिनी फूलमति र सुनसराले गाउँकै दललालको फन्दामा परी कोठीका बेचिएका नेपाली चेलीहरूको प्रतिनिधित्व गरेका छन् भने त्यहाँबाट फुत्किएपछि जनयुद्धमा निर्मला र अचलाका नामबाट शोषणमुखी व्यवस्थाका विरुद्धमा सक्रिय भएका छन् । बाबुराम भट्टराई, यमलाल, श्याम, प्रताप कम्युनिष्ट नेताका रूपमा उपस्थित भएका छन् । क. प्रकाश र क.गौरवका नामबाट जनयुद्धमा सहभागी कालु तामाङ र मैत पुनको मुख्य भूमिकामा रहेको यस उपन्यासमा उनीहरु इन्डिया आर्मीको जागिर छोडेर जनयुद्ध लड्ने प्रतिनिधि योद्धा पनि हुन् । कालुको भाइ शमसेर पढ्दापढ्दै पुलिसले पक्रिएर चरम यातना दिइएका केटाकेटीहरूको प्रतिनिधि पात्र हो । रक्तिम र नक्षत्रले माओवादी भएकै कारण निर्ममतापूवक मारिएका सहिदहरूको प्रतिनिधित्व गरेका छन् । मङ्गली क. ज्वालाका नामबाट सचेत रूपमा जनयुद्ध लड्ने महिला योद्धाहरूका प्रतिनिधि पात्र हुन् । जमे र बलेले निर्दोष गाउँलेलाई मार्न हुन्न भनेर विमति राखेकै कारण मार्न लाग्दा संयोगले भाग्न सफल हुने तथा भाग्न नसकी मारिएका प्रहरी जवानहरूका प्रतिनिधित्व गरेका छन् । बले प्रहरीबाट भागेपछि जनयुद्धमा आबद्ध भएका योद्धाहरूको प्रतिनिधि पात्र हो । पुलिसका जवान, असइ, इनिस्पेक्टर, चेतन, झलक, राजन, मनवीरे, पदम, जगवीरेलगायत गाउँका शोषक, फटाहा सुराकहरू प्रतिक्रियावादी र ाज्यसत्ताका पक्षपोषक पात्रहरू हुन् । प्रगतिशील विचार रहेका विद्यार्थीलाई हमला गर्ने रत्ने, जङ्गे, कालापाते, सुकनासे आदि सामन्तका सन्तान तथा विद्यालयमा साथीहरूलाई समेत कुटपिट गर्ने, चेतनामुखी सांस्कृतिक कार्यक्रम चलाउन नदिने गाउँका चेलिबेटी बेचेर कमाउन पल्केका मानव तस्करहरूका प्रतिनिधि पात्र हुन् । गाउँका मुखिया जगवीर र पदम गरिबी र अभावमा बाँचेका तामाङ, गुरुङ, मगर समाजमा एकछत्र शोषण, दमन गर्ने पात्रहरू हुन् । गाउँलेहरूको आम्दानीको स्रोत जङ्गलमा भएको निगालो बाँस काटेर डोको, थुन्से, भकारी निर्माण गरी बेच्नु मात्र रहेको देखिन्छ । नियालो काट्न जाँदा जङ्गली जन्तु बाघ, भालुको आक्रमणमा परेर मर्नु पर्ने स्थिति पनि उत्तिकै देखिन्छ । जाडोको मौसममा लेकको चिसो प्रवाह नगरी निगालो काट्नेहरूलाई मुखियाले पाँच रुपैयाँ बढाएको सूचना गर्दै आफ्नो लागि भने सित्तैमा ल्याइदिए हुन्थ्यो भनेर आशासमेत गरे को छ । जाडोको मौसममा नियालो काट्न गएका आफ्ना बाबु, काका, छिमेकीहरूका सङ्घर्ष देखेर विद्यालयमा अध्ययन गर्दादेखि नै क्रान्तिकारी विद्यार्थी सङ्गठनमा लागेको नरवीरमा बिस्तारै विकसित भएका वर्गीय चेत उपन्यासमा यसरी प्रस्तुत गरिएको छ :

> मान्छेको जात जेसँग पनि सङ्घर्ष गर्न सक्दोरहेछ । जाडोमा सिरकमा गुट्मुटिएर सुत्नेहरू र यी हाम्रा बाबाहरूजस्ता प्रकृतिसँग पौठेजोरी खेल्नेहरूको जिन्दगी । कति अन्तर छ ? यी दुईबीच । शोषक र शोषित बीचको अन्तर । धनी र गरिव बीचको अन्तर । सायद अब यसको विरुद्ध सङ्घर्ष गर्नुपर्छ । जमिन, जल, जङ्गल सबैको साझा हुनुपर्ने हो । प्रकृतिलाई एकदिन त सबैले छोड्नै पर्छ नै । तैपनि मानिस मै खाऊँ मै लाऊँको भावना पाल्छ । अर्काको श्रम र पसिनामा रमाउन खोज्छ । अब यस्तो हुनु हुँदैन । स्वतन्त्रता र समानताको युग ल्याउनुपर्छ । यसका लागि हामी लाग्नै पर्छ । ( योद्धा, २०७८, पृ. १२८)

वर्गीय चेतका कारण वर्गीयप्रेम विकास भइसकेको नरवीर बासँगै छ दिनसम्म नियालो काट्न खटिन्छ । फर्कने क्रममा बाघको आक्रमणमा परी घाइते भएको नरवीरको उपचार नपाई दुःखद निधन हुन्छ । यसरी जङ्गली जन्तु र प्रकृतिसँग पौंठेजोरी खेल्दै

सङ्घर्ष गरिरहेका गरिब, निमुखा वर्गमाथि गाउँकै शोषक सामन्तहरूले शोषण, दमन गरिरहेको देखिन्छ । नरवीर, कालुजस्ता प्रगतिशील विद्यार्थीहरूको मुख्य उद्देश्य सांस्कृतिक कार्यक्रममार्फत शोषण, दमन र अन्यायमा परेका जनताहरूमा चेतना थपिदिनु देखिन्छ । यही उद्देश्यअनुरूप लमजुङका विद्यार्थीहरूले काफलडाँडा स्कुलमा सामना परिवारसँग मिलेर चेतनामुखी सांस्कृतिक कार्यक्रम सञ्चालन गर्दा कार्यक्रम हेर्न भेला भएका गाउँले र आयोजकमाथि रत्ने, जङ्गे, कालापाते, सुकनासे का ज्यादती उपन्यासमा यसरी प्रस्तुत गरिएको छ : .

> ...करिब सवा एक घण्टा कार्यक्रम भइसकेको थियो । मानिसहरू ध्यानमग्न भएर सांस्कृतिक कार्यक्रम हेर्दै थिए । प्रगतिशील नाटक, गीतसङ्गीतले सबैलाई लट्ठै पारेको थियो । कार्यक्रम चलिरहेकै बेला एक्कासि हो हल्ला मच्चियो । सुइय सिटी बज्यो । एक्कासि मञ्चमा ढुङ्गा बर्सिन थाल्यो । मानिसहरूको भागदौड मच्चियो । मञ्चबाट उद्घोषक मोहन कुर्लिदै थियो, खबरदार ! भरौटेहरू । आदरणीय जनसमुदायहरू नभाग्नुहोस् । केही हुँदैन । नआत्तिनुहोस् । धैर्य गर्नुहोस् । ... अझै कार्यक्रम बाँकी नै छन् । ... आक्रमणकारीहरू मञ्चसम्म आइपुगे । खुकुरी र चक्कु देखाए । प्रगतिशील पक्षधर पनि के कम र । जाइलागे । ...कार्यक्रम स्थल रणमैदानमा परिणत भयो । (पृ. ११५)

तत्कालीन समयमा प्रगतिशील विचार राख्ने विद्यार्थीहरूले गरेका जुनसुकै कार्यक्रमहरूमा पनि प्रतिक्रियावादीहरूले हस्तक्षेप गर्ने तथा हातियारसहित हिंसामा उत्रिएर उनीहरूलाई चरम दमन र हिंसा गर्ने गरेका कुराको एउटा साक्ष्य माथिको घटना हो । यसबाट गाउँघरका विद्यालयहरूमा समेत प्रगतिशील विचार राख्ने विद्यार्थीहरूमाथि सामन्तवादी विचारबाट निर्देशित विद्यार्थीले आक्रमण गरेर उनीहरूले सञ्चालन गरेका जनचेतनामुखी कार्यक्रमहरू अवरोध गर्ने, दमन गर्ने प्रवृत्ति रहेको स्पष्ट हुन्छ । यसबाट गाउँका मुखियाहरू गाउँमा हिंसा, दमनमार्फत रवाफ जमाएर आफूलाई ठुलोठालु भनाउँथे भने तिनका सन्तानमा समेत त्यस्तै दमन, शोषण, चोरी, तस्करी तथा दलाली गर्ने प्रवृत्तिको विकास भएको देखिन्छ । यस उपन्यासमा जगवीरको छोरो रत्नेले प्रगतिशील विचार राख्नेहरूलाई दमन, हिंसा मात्र गरेको छैन, आफ्नै गाउँका दिदीबहिनीहरूलाई मुम्बइमा बेची भागेका घटना उपन्यासमा यसरी अभिव्यक्त भएको छ :

> गाउँका केटी बेच्ने गिरोहको फेला परिछ । रत्ने भन्ने फटाहाको । गाउँको मुखियाको छोरो हो त्यो । उसले फसाएछ । पहिले बिहे गर्ने नाटक रचेछ । बिहे गरेपछि हाम्री बहिनी पनि मख्खै । मुखियाको छोरो जस्तोसँग बिहे गर्न पाएर ऊ दङ्गै परिछ । अनि मुम्बइमा गएर दुवैले जागिर खाने । उतै बस्ने भनेर फकाएछ । ... बेच्ने चाँजोपाँजो नमिलुन्जेल होटलको कोठामा नै राखेछ । अनि फोन सम्पर्क गरेर यो कोठीमा पो ल्याएर बेचिदिएछ । ... मलाई शून्यमा मिलेजस्तो लागिरहेछ । आखिर जीवन छउन्जेल नै त हो इज्ज्यत, बेइज्जत भन्ने पनि । मेरी बहिनी पागलजस्तै बनिसकेकी छे । कहिले केही भन्छे कहिले केही । कहिले ज्यादै गहकिला कुराहरू पनि ल्याउँछे । कहिले शून्यमा पुग्छे । ...मैले मेरी बैनीलाई यताबाट छुटाउन सकिन भने त के गर्ने होला ? म त्यहाँ बाँच्नुको अर्थ छ र ? (पृ. २३३)

यसरी फूलमतिजस्ता सोझा केटीहरूलाई जागिर लगाइदिन्छु, बिहे गर्छु भन्ने बहाना बनाएर मानव बेचबिखनमा अग्रसर हुने दलालहरू तत्कालीन राज्यसंयन्त्रबाट संरक्षित हुन्थे । यसले गरिबी र अभावमा बाँचेका जनतामा अझै उत्पीडन थपेको देखिन्छ । विभेदकारी तथा शोषणमुखी राज्यसंयन्त्रमा सोझा सबै गाउँलेहरू उत्पीडनमा परेका थिए । जनताका अगाडि साखुल्ले जसरी प्रस्तुत भई घुमाउरो तरिकाबाट शोषण, हिंसा गर्ने प्रवृत्तिको प्रजातन्त्र आएपछि पनि निकै बढेको थियो । यस्ता तस्करलाई प्रगतिशील जनसमूह र माओवादी मिलेर कारवाही गरेपछि बचाउन तत्कालीन गृहमन्त्रीले हेलिकप्टर पठाएर उपचार गरेका कुरा उपन्यासमा यस्तरी प्रस्तुत गरिएको छ :

> ...पाँच दिन जति कति भयो कुन्नि म्ले । माउवादी पार्टीले बेफ्वाँकमा रत्नेलाई खुकुरीले हानेर घाइते बनाइदिएछ । आइले छोरा हास्पतालमा छा । काठमाण्डुमा हेलिक्याप्टरमा हालेर लगेर पो बाँच्यो । जे भए पनि गृहमन्त्रीले हेलिक्याप्टर पठाइदिछ । त्यसैले फोन गर्न जान भनेर हो । डाँखाहरू हाम्रो छोराले केडी बेच्यागो भन्दोरैछ । गुन्डागर्दी गरेगो रे । फटाह रे भन्दो रैछ । (पृ. २५०)

यसले गाउँमा जो चोर उसैको ठूलो स्वर रहेको अवस्था देखाउँछ । अशिक्षा, गरिबी र अभावमा बाँचेका निम्नवर्गीय श्रमजीवी जनताका छोराछोरीलाई शोषण, दमन, हिंसा गर्नु तथा शक्ति र सत्ताका आडमा यातना दिएर पक्राउने, मार्नेजस्ता प्रवृत्तिहरू

२०४७ सालपछि व्यापक रूपमा विस्तार भएको देखिन्छ । जगवीरलाई देवता समान मान्ने सोभ्फा जगमानजस्ताका छोरीहरूसमेत फकाएर, बिहे गर्छु भनेर भगाई मुम्बइमा बेचेका घटना थाहा पाएपछि गाउँलेहरू आक्रोशित हुनु स्वाभाविक देखिन्छ । तर तिनैलाई बचाएर निमुखा गाउँलेलाई शोषण, दमन, हिंसा गर्न सजिलो बनाउने तत्कालीन राज्यसंयन्त्र निकै लाचार देखिन्छ । प्रगतिशील विचार राख्ने सर्वसाधारण जो कोहीलाई पनि माओवादी भनेर पक्राउने, निर्मम यातना दिएर मार्ने गरेका यथार्थ उपन्यासले उद्घाटन गरेको छ । उपन्यासमा यस्ता ज्यादती, दमन, शोषण, यातनाले निम्न वर्गीय जनता आतङ्कित बनेपछि सङ्गठित तथा एकताबद्ध भएर तिनका विरूद्धमा लाग्नुपर्ने चेतनाको विकास भएको देखिन्छ । उपन्यासमा प्रगतिशील विद्यार्थीहरूलाई सम्बोधन गर्ने क्रममा कम्युनिष्ट पार्टीको नेतृत्वकर्ता क.श्यामको वर्गीय चेतनायुक्त अभिव्यक्ति यसरी आएको छ :

> कमरेडहरू अबको हाम्रो यात्रा क्रान्तिको यात्रा हो । देश भ्ष्टाचार, अन्याय, अत्याचारको जालोमा बेरिएको छ। हुनेखानेहरू र हुँदाखानेहरू बीचको आर्थिक खाडल अभ्फ गहिरिँदो छ। हामीलाई समानताको युग चाहिएको छ । अब सामन्तवादी राज्यव्यवस्था ध्वस्त पार्नै पर्नेछ। जसको नेतृत्व राजाले गरेका छन् । ...वि.सं. २००७ मा बहुदल आयो तर त्यसको केही अर्थ रहेन। २०१७ सालमा राजा महेन्द्रले एकदलीय पञ्चायती व्यवस्था लादे । तीस वर्ष राज गऱ्यो । २०४६ सालको बहुदल पुनःस्थापनाले जनजीवीकाका सवालमा केही गर्न सकेन । अब देशमा नौलो जनवादी व्यवस्था ल्याउनैपर्ने छ। शोषित, पीडित जनताहरूको राज्यव्यवस्था भनेको त्यही नै हो। (पृ. ११३)

विद्यालयमा पढ्दै गरेका विद्यार्थीहरूलाई समेत सङ्गठित गराई समाजमा देखिएका शोषण, दमनको अन्त्य गर्नुपर्छ भन्ने चेतनाको विकास गराउने हेतुले माथिको अभिव्यक्ति आएको हो । तत्कालीन समयमा ग्रामीण भूभागका विद्यार्थीहरूलाई समेत विद्रोहको भ्फण्डामा गोलबद्ध हुनुपर्छ र लोकतन्त्र तथा गणतन्त्रका पक्षमा विद्रोहपूर्ण क्रान्ति गर्नुपर्छ भन्ने सचेतनामूलक प्रशिक्षण दिइएको कुरा यहाँ सङ्केत गरिएको छ । उपन्यासमा विद्रोही चेतनाबाट प्रशिक्षित भएका विद्यार्थीहरूमध्ये प्रतिनिधि पात्र क. ज्वाला (मङ्गली तामाङ) पढ्दापढ्दै अखिल क्रान्तिकारीको सदस्यता लिएर माओवादी छापामारमा प्रवेश गरेको देखिन्छ । त्यस्तै अर्को पात्र कालु तामाङ विद्यार्थी कालमा क्रान्तिकारी सङ्गठनमा गोलबद्ध हुँदै प्रगतिशील सांस्कृतिक कार्यक्रममा आबद्ध भए तापनि गरिबी र अभावका कारण एस.एल.सी.पछि पढ्न नपाएर आर्मीमा भर्ती हुन बाध्य भएका युवाहरूको प्रतिनिधि पात्र हो । कालु र मैत पुनजस्ता कतिपय युवाहरू आफ्ना गाउँकै मुखिया, रत्नेजस्ता मानव तस्कर, दलालहरूसँग आक्रोशित बनेर प्रतिक्रियावादी व्यवस्थाका विरुद्धमा विद्रोह गर्नुपर्ने निष्कर्षमा माओवादी जनयुद्धमा आबद्ध भएका देखिन्छन् । यी युवाहरूले पुँजीवादी व्यवस्थाका उल्भ्फन, अन्याय, अत्याचार, शोषण, दमन खेपेर त्यसको विरुद्धमा क्रान्ति गर्न कम्मर कस्ने युवाहरूको प्रतिनिधित्व गरेका छन् । प्रजातन्त्रको पुनर्स्थापनापछि पनि नेपाली जनताले निरङ्कुश शासन व्यवस्थामा जस्तै अत्याचार, शोषण, दमन खेपेको परिवेशबाट विषयवस्तुको उठान गरी त्यसका विरुद्धमा किन र कसरी जनयुद्धको सुरुवात गरिएको थियो भन्ने जिज्ञासा मेटाउने गरी उपन्यास आख्यानीकरण गरिएको छ । उत्पीडिनबाट मुक्तिका लागि योद्धाहरूले त्याग र समर्पणका साथ कसरी जनयुद्ध लडे भन्ने कुरालाई यसले उद्घाटन गरेको छ। उपन्यासमा चरम दमन, शोषण र उत्पीडनले पनि वर्गचेतना, वर्गप्रेम निर्माणमा सहयोग गरेको छ। उत्पीडितहरूले न्याय पाउँदा प्रकृति नै खुशी भएको र अन्यायमा पर्दा, दुःख पाउँदा प्रकृतिसमेत विलापमा परेको देखाइ निम्नवर्गीय पक्षधरता सबल रूपमा प्रस्तुत गरिएको छ।

### ६.२. वर्गीय प्रतिरोध

युद्धमा दुई पक्ष आमनेसामने हुन्छन् । एक पक्षले अन्याय, अत्याचार, शोषण र दमन गरेपछि अर्को पक्षले प्रतिरोध गर्दा युद्धको सुरुवात हुन्छ। वर्गीय युद्ध कसैले उचालेको भरमा मात्र लडिँदैन । यो शोषण, दमन र अन्याय कै कारण लड्न बाध्य पारिएको हुन्छ। चरम शोषण, दमन, अत्याचार, अपमान र यातना भोगेका सचेत जनहरुले नै वर्गीय प्रतिरोधको मर्म बुभ्फेका हुन्छन् । वर्गीय चेतनाले वर्गीय एकता तथा वर्गीय प्रतिरोधी चेतको विकास गर्छ । युद्धमा होमिएका योद्धाका वर्गीय प्रतिरोधी चेतना उपन्यासा यसरी व्यक्त गरिएको छ :

> ... जनताको रगत र पसिनाको मूल्य खाएर जनतालाई मार्दैछस् । तेरा मालिकहरूलाई रिजाएर तँ फुली थप्ने चेष्टा गर्दैछस् । त्यसको परिणाम नराम्रो हुनसक्छ । भोलिका दिनमा के हुनेछ ? भोग्नेछस् । तेरा मालिकहरूको

> अवशान पनि अब छिट्टै हुँदैछ।... हिजो राणाशासन गएको बुझिस् ? पञ्चायत गएको बुझिस् ? यो संसदीय व्यवस्थाले पनि जनतालाई के दिएको छ र ? केवल तँजस्ता ग्र्याजुयट गरेकाहरूलाई मान्छे मार्न लगाएर मुर्ख बनाएको छ। राष्ट्र लुटिएको छ। गरिबी, अन्याय र अत्याचार बढेको छ। महङ्गी र भ्रष्टाचारले सीमा नाघेको छ। ... अरू के भएको छ ? हतियार र सेनाभन्दा ठूलो त जनबल हो। हामीहरू वर्गीय युद्ध लड्दै छौँ। न कि व्यक्तिगत स्वार्थको लागि। (पृ. ३५४)

यस कथांशले वैचारिक भट्टीबाट खारिएका योद्धाहरूमा वर्गीय पक्षधरता तथा प्रतिरोध सबल देखिन्छ। चरम यातना दिएर मार्न लाग्दा पनि योद्धाहरू सत्य र न्यायका लागि आत्मसर्मपण नगरी मर्न तयार छन्। सत्य र न्यायले हारेर असत्यको जीत भयो भने सत्य र न्यायको खोजी गर्नेहरूलाई थप दमन हुनसक्छ। *योद्धा* उपन्यासमा पनि कतिपय त्यस्तै स्थितिहरू सिर्जना भएका छन्। लमजुङको तामाङ बस्तीबाट क्रान्तिकारी विद्यार्थी सङ्गठन हुँदै माओवादी छापामारमा आबद्ध भएकी क.ज्वालाको फूलमतिलाई बुझाउने क्रममा आएको वर्गीय पक्षधरता तथा वर्गीय प्रतिरोधी चेतना उपन्यासमा यसरी अभिव्यक्त गरिएको छ :

> ... जीवन त्यसै खेर फाल्नु बेकार छ। तिमी आफ्नो जीवनलाई देश र जनताको मुक्तिका लागि अर्पण गर्न सक्छौ। हामीले आफ्नो मुक्तिका लागि आफैं लड्नुपर्छ। आफ्नो अधिकार मागेर कसैले दिँदैन खोसेर लिनुपर्छ। यो पाँच प्रतिशत मान्छेहरूले पन्चानब्बे प्रतिशत जनतामाथि गरिने शासन हो । ... पन्चानब्बे प्रतिशत जनताको सरकार स्थापना गर्नुपर्छ, जसलाई जनवाद भनिन्छ। जनताको मुक्ति जनवादको स्थापनापछि मात्रै प्राप्त हुन्छ। त्यो दिनमा बल्ल हामीहरूले मुक्तिको सास फेर्न पाउने छौं। हाम्रा हजारौं चेलीबेटीका आँसु पुछिने छन्। अमानवीय पीडा छुट्नेछन्। सम्पूर्ण भोकानाङ्गा जनताले मुक्ति पाउने छन्। त्यसैले तिमी हतास नबन। देशमा मुक्तियुद्ध चल्दैछ। कुनै दिन तिमी पनि त्यसमा सामेल हुन सक्छ्यौ। हुनु पनि पर्छ। वर्गीय मुक्तिबिना अन्य कुराबाट छुटकारा बकवासका मात्र हुन् ...। (पृ. २६२)

यस अभिव्यक्तिले परम्परावादी राज्यसंयन्त्रका विभेदकारी मूल्य र मान्यतामा सदियौंदेखि उत्पीडित बनेका जनताहरूले गरेको प्रतिरोधी सङ्घर्ष नै जनयुद्ध रहेको स्पष्ट पारेको छ। जनयुद्धको अग्रपङ्क्तिमा विभिन्न हिंसा, अन्याय, शोषण, दमन र उत्पीडनमा परेका उत्पीडित, किनारीकृत, युवा नरनारीहरू थिए। सदियौंदेखि दलनमा परेका उत्पीडित वर्गले जनयुद्धलाई मुक्तियुद्धका रूपमा ग्रहण गरेका र त्यसैमा समर्पित भएर सहयोग गरेका कुरा माथिको कथांशले पुष्टि गरेको छ। ज्वाला उत्पीडित वर्गीय पक्षधरतामा प्रतिबद्ध भएर छापामार बनेको देखिन्छ। गाउँका सामन्त, फटाहा,.दलालहरूलाई माओवादीले कारवाही गरेका कारण धेरै उत्पीडित जनताले न्याय पाएका घटनाहरू वर्णन गर्दै उपन्यासमा उत्पीडित वर्ग नै सचेत भएर वर्गीय प्रतिरोधमा उत्रिएका परिवेशहरू पनि प्रस्तुत गरिएको छ। ग्रामीण हतियारविहीन निम्नवर्गीय जनता राज्यसत्ताका ज्यादतीका विरुद्धमा प्रतिरोधमा उठेपछि मन्त्रिपरिषद्बाटै निर्णय गरी सबै माओवादी मार्ने नाममा ग्रामीण बालबालिका र निर्दोश महिलाहरू मारेर मच्चाइएको आतङ्क उपन्यासमा यसरी अभिव्यक्त गरिएको छ :

> प्रधानमन्त्रीले केही दिनअगाडि माओवादी प्रभावित क्षेत्रको भ्रमण गरे । त्यस क्षेत्रको भ्रमणपछि देशमा राज्यआतङ्कको मात्रामा निकै बढोत्तरी भएको थियो। एउटा भयङ्कर नरसंहारकारी किलो सेरा टु लागु गरिएको थियो, जसमा सुराकीले खुब काम गर्दथ्यो। रिस साँध्नलाई माओवादी भन्दिए कसैले भने निरपराध मान्छे मारिन्थ्यो। माओवादीको म नजाने पनि गोलीको सिकार बन्न सक्थ्यो। ....एमाले समर्थित कांग्रेसको सरकारको एकछत्र श्वेत आतङ्क थियो, जनताहरू आक्रान्त थिए। कतिका ज्यान गएका थिए। कतिका धन लुटेका थिए, कति चेलीबेटीले बलात्कृत भएर आफ्नो अस्मिता गुमाउनु परिरहेको थियो। कतिका आँखा झिकेर मारिएको थियो त कति जनालाई गोली हानेर, कसैलाई शरीर चिरेर घाउमा नून, चुक लगाएर तड्पाई-तड्पाई मार्ने काम गरियो। (पृ. २६६)

यसरी न्यायका निम्ति जनयुद्धमा लागेका जनताका विरुद्धमा राज्यसंयन्त्र नै लागेर दमन गर्दा निकै भयावह परिवेश सिर्जना भएको देखिन्छ। पुलिसहरूले मनपरी गालीगलौज गर्ने, चरम यातना दिएर गाउँका बालबालिका तथा बुढीआमा, कान्छीजस्ता श्रमजीवी महिलाहरूलाई माओवादीमा लागेका भनेर मार्ने, गाउँबस्तीका झुप्राहरू आगो लगाएर बालबालिका जलाउने गरेका ज्यादतीहरूको जीवन्त चित्रण उपन्यासमा गरिएको छ। तत्कालीन समयमा आर्मी र पुलिसमा प्रवेश गर्ने जवानहरू प्रायः निम्नवर्गीय थिए। आफ्नै जस्तो हैसियत भएका निर्दोष गाउँलेमाथि

गरिएको ज्यादतीमा मौन विरोध गरेकै कारण आफ्नै टिमका हाकिमले मार्न लगाएका, असइले रूखमा बाँधेर मार्ने गरेका घटनाका साक्ष्य हुन् बले र जमे । बले जसरी भागेका सिपाहीहरूले समेत जनयुद्धलाई सहयोग गरेको देखिन्छ । यस्ता घटनाले वर्गीय पक्षधरता र वर्गीय प्रतिरोध थप उचाइमा पुऱ्याएको देखिन्छ । त्यस्तैगरी माओ वादी जनयुद्ध सुरुभएपछि इन्डियन सेनामा भर्ती भएका कतिपय युवाहरू जागिरै छोडी जनयुद्धमा सहभागी भएको प्रतिनिधि घटनासमेत वर्णन गर्दै वर्गीय पक्षधरता एवं वर्गीय प्रतिरोध सबल रूपमा यसरी व्यक्त गरिएको छ :

> तपाईंको कुरा मनासिब हो । तर हजुर मलाई देशमा भएको अन्याय, अत्याचारले पोल्यो । बाध्यता, विवशता र परिस्थितिले मानिसलाई कता मोडिदिन्छ थाहा हुँदोरहेनछ । मेरी यही बहिनीको दर्दनाक अवस्थाले पोल्यो मलाई । त्यो अवस्थामा पुऱ्याउने कुरूपिहरूको बदला लिन मन लाग्यो । विदेशीको गुलाम बन्न मलाई मन परेन । एउटा छिमेकी देशको पक्षमा लागेर अर्को छिमेकी विरुद्ध किन लड्ने ? अझ त्यसमा पनि कश्मिरी जनताहरू जो छुट्टै राष्ट्रको माग गर्दै आएका छन् न्यायपूर्ण युद्ध लडिरहेका जनताको विरुद्धमा लड्न मेरो मनले मानेन । (पृ. ३०७)

इन्डियन आर्मीमा भएको कालु तामाङ आफ्नै बहिनीसमेत तस्करहरूले मुम्बइमा बेचेपछि जागिरै छोडेर माओवादी जनयुद्धमा क. प्रकाशको नामबाट प्रमुख कमान्डरको भूमिकामा आबद्ध देखिन्छ । यसरी थुप्रै युवाहरू आर्मी, पुलिस छोडेर समाजमा भएका अन्याय र विभेदको अन्त्य गर्ने सङ्कल्प गरेर जनयुद्धमा लागेका प्रतिनिधि घटनाहरू वर्णन गरिएको हुँदा उपन्यासमा जनवर्गीय पक्षधरता सबल रहेको छ । विभेदकारी राज्यसंयन्त्रले निर्माण गरेका सामन्त, दलालहरूले आर्मी र पुलिस प्रशासनको दुरुपयोग गरी गाउँका सोझा, निमुखा किसानहरूलाई अझै चर्को दमन, शोषण, हत्या र हिंसा गरेका प्रतिनिधि घटनाहरू उपन्यासमा वर्णन गर्दै तिनीहरूका कुरुपतालाई उदाङ्गो पारिएको छ । वर्गीयमुक्ति मोर्चामा लागेकाहरू निडरताका साथ अगाडि बढेका प्रतिनिधि घटनाहरू वर्णन गरेर उपन्यासमा प्रतिक्रियावादीहरूलाई परास्त गरी गणतन्त्र स्थापनाका लागि उनीहरूले गरेका त्याग र समर्पणको प्रशंसा गरिएको छ । यसर्थ उपन्यासमा वैचारिक पक्षधरताबाट निर्देशित वर्गीय प्रेम, पक्षधर ता, वर्गीय प्रतिरोधी चिन्तन सबल रहेको छ । उपन्यास क. ज्वाला, क. प्रकाशलाई केन्द्रीय भूमिका दिएर सशक्त प्रतिरोधी तथा विद्रोही प्रतिनिधि घटनाहरू वर्णन गरिएको चेतनामुखी तथा प्रगतिवादी रहेको देखिन्छ ।

६.३. वर्गसङ्घर्ष तथा वर्गीय मुक्ति

राज्यसंयन्त्रका मतियारहरूले जिते भने उत्पीडक, अत्याचारीहरूको शासनले निरन्तरता पाउँछ । वर्गीय मुक्तिका लागि उत्पीडित जनताहरू एकताबद्ध भएर आफ्नो वर्गको हक, अधिकार, स्वार्थ र उद्देश्यअनुसार सशस्त्र विद्रोहमा लाग्नैपर्छ । एकताबद्ध भएर वर्गीय प्रतिरोधमा उत्रिएपछि मात्रै वर्गीयमुक्ति प्राप्त हुन्छ । वर्गीय मुक्तियुद्धमा आबद्ध भएका योद्धाहरूले मात्रै वर्गीय न्यायको मर्म बुझेका हुन्छन् र न्यायमूलक ढङ्गबाट सामाजिक व्यवस्थाको संरचना निर्माण गर्न सक्छन् भन्ने सन्दे श *योद्धा* उपन्यासले दिएको छ । जनयुद्धप्रति झुकाव भएकै कारण निहत्थाहरूलाई समातेर पुलिसहरूले चरम यातना दिएर मनपरी गाली गर्दै मार्न लागेका परिवेशमा उत्पीडित छापामारले वर्गीय मुक्तिका लागि गरेका सङ्कल्प तथा वर्गीय न्यायका पक्षमा अभिव्यक्त गरेका चेतना उपन्यासमा यसरी प्रस्तुत गरिएको छ :

> ...मलाई केही थाहा छैन कुत्ताहरू । जनताका रगत पिउन पल्केका राक्षसहरू । ... देशको ढुकुटी रित्याएर देशलाई हरिकङ्गाल बनाउने कुलङ्गारहरू । जुठोपुरो खाना पल्केकाहरू । एकदिन जनताले तिमीहरूलाई खाडलमा अवश्य हाल्नेछन् । मजस्तो एकजना व्यक्तिलाई हत्या गर्दैमा केही हुँदैन बुझ्यौ । मेरो रगतका प्रत्ये क कणले नवयोद्धाको जन्म हुनेछ । मेरो भूतले तिमीहरूलाई सधैं तर्साउने छ । हत्याराहरू हो ! एक दिन यस देशबाट तिमीहरूका मालिक निमिट्यान्न हुनेछन् । तिमीहरू पनि यस देशबाट कुलेलम ठोक्नु पर्ने छ । त्यसैले दुष्टहरू हो याद गर । (पृ. २५६)

तत्कालीन अवस्थामा यसरी वैचारिक पक्षधरतासाथ सङ्घर्षरत योद्धालाई पक्रिएर चरम यातना दिएर मार्ने घटनाहरूबाट आक्रोशित योद्धाले जति यातना दिए पनि आफ्नो सङ्कल्प कहिल्यै नत्यागेको रहस्य यस साक्ष्यले प्रस्तुत गरेको छ । यहाँ वर्गीय प्रेम छ भने पुलिसका व्यवहारप्रति घृणा पैदा भएको छ । यो राज्यले नै सबै संयन्त्रहरू लगाई आफ्ना नागरिकका नयाँ विचारहरू दमन गर्ने तथा माओवादी मास्ने अभियान नै चलाएका बेलामा निशस्त्र जनता निरीह बनेको स्थिति हो । यही कारण पुलिसहरूले पक्रिएपछि मनपरी गालीगलौज तथा दुर्व्यवहार गर्ने घृणायोग्य अभिव्यक्ति उपन्यासमा यसरी आएको छ :

> "यो साला ... छोरा बडो फुर्ती देखाउँदो रछ त । यसको शरीरको सबै भाग चिर त केटा हो । कहाँ छ ? नून,

खुर्सानी र अमिलो । ... निकालेर दल् अनि राँडीका छोरालाई । आतङ्ककारी राडीको छोराले अनि देख्छ बाउको बिहे ।" अत्यन्तै क्रुर आवाज सुनियो । (पृ. २५६)

प्रस्तुत साक्ष्य तत्कालीन समयमा माओवादी भनेर पक्रिएपछि कति यातना दिएर मार्थे, कसरी तथानाम छाडा गाली गर्थे भन्ने नमुना हो । निम्नवर्गीय जनताका छोराछोरीहरूलाई अत्यन्तै घृणाका दृष्टिले हेर्ने, अपशब्दले गाली गर्ने प्रवृत्ति समाजका ठुलाठालु सामन्त वर्गदेखि लिएर पुलिस प्रशासनमा पनि थियो भन्ने सत्योद्घाटन प्रस्तुत कथांशले गरेको छ । जनतामा आफ्नो हक, अधिकारका लागि सङ्गठित भई विद्रोह र सङ्घर्ष गर्नुपर्छ भन्ने चेतनाको विकास विभेदकारी, शोषणमुखी र ाज्यसंयन्त्रको समस्या बनेको देखिन्छ । नयाँ विचार र विद्रोहलाई दमन गर्न राज्यसंयन्त्रका सबै अङ्गहरू परिचालन गरेको देखिन्छ । ज्वरो आएर घरमा सुतिरहेको चौध वर्षे बालकलाई बाहिर निस्कनै नदिई घरभित्रै जलाउँदा छिमेकी कान्छी विरोध गर्दै त्यहाँ पुगेपछि उनलाई समेत मारेर माओवादी कमान्डर मारियो भनेर हर्ष गर्दै भोज खाने तथा निर्दोष बालबालिकाहरू मार्नेलाई बहादुर मानेर तक्मा लगाइदिने राज्यकै घृणित कार्यको रहस्य यसले खोतलेको छ । यस्तै अर्को साक्ष्य ः

....म बच्चालाई दूध खुवाउन आको । ऊ बिरामी भएर आको । त्यस्तो माओवादी पत्ता लगाउनेले त माओवादी काँ छन् पत्ता लगाउन पर्‍यो नि । माओवादी ठम्याएर मात्रै समाउनु पर्च । कानुनअनुसार कारबाही गर्नुपर्च । त्यसै मान्छे मार्न पाइन्च । तिमरु त पुलिसै हैनौ । जनताको रक्षक हैनौं । भक्षक हौ भक्षक । यो बच्चालाई नहान गोली । घरमा बम नखसाल । खबरदार ! उनी अगाडि बढिन् । उनी अगाडि बढ्नासाथ कमाण्डले गोली हान्ने आदेश दियो । ठोक गोली । पातकी रण्डीलाई । सिध्याओ आतङ्ककारीहरू ... । दुईजना पुलिसहरूले आफ्नो कमान्डरको आदेश अवज्ञा गरे गोली हान्न मानेनन् । (पृ. २७५)

दुवैको राइफल खोसेर इनिस्पेक्टर र सइ दुवै आफैं तम्सिए गोली हान्न । अरू रमिते बने । ... बन्दुक पड्कियो । ती अवला नारीलाई गोली बर्साउन पाएकोमा उनीहरू हर्षित बनेका थिए । (पृ. २७६)

पुलिसहरूले गरेका ज्यादती, दमनका विरुद्धमा जति सक्रिय भएर लाग्न थाले त्यति नै राज्यसंयन्त्रका मतियारहरूले माओवादी मार्ने निहुँमा जनतालाई निकै दुःख दिएको देखिन्छ । प्रस्तुत घटना तत्कालीन अवस्थामा माओवादी सिध्याउने निहुँमा राज्यबाट परिचालित पुलिसहरूको स्वेत आतङ्कको प्रतिनिधि घटना हो । यसले अभावमा बाँचेका जनताका छोराछोरीलाई माओवादीको लोगो लगाएर सर्वनाश गर्न चाहने तत्कालीन सत्तासाझेदार पार्टी तथा नेतृत्वका घृणायोग्य गतिविधिहरू वर्णन गरेर सशक्त रूपमा वर्गीय मुक्ति र न्यायका निम्ति सङ्घर्ष गर्नुपर्ने रहस्योद्घाटन गरेको छ । उपन्यासमा कान्छी र बुढी आमालाई मार्न नमान्ने सिपाही जमे र बलेलाई राती जङ्गलमा हत्या गर्न खोज्दा बले भाग्न सफल भएको थियो । उही बले जनयुद्धमा क. गगनका रूपमा चर्चित नेतृत्व बनेको देखिन्छ । उसका वर्गीय पक्षधरता, वर्गीय प्रेम उपन्यासमा यसरी प्रस्तुत गरिएको छ ः

केही छ भन्नु ? छ भने, भने हुन्छ हत्याराहरू । लुटेराहरू । मैले इमान्दार बनेर काम गर्दागर्दै पनि धर पाइन । अनि यो तिमीहरूले बनाइदिएको बाध्यता हो । ... तिमीहरूकै रूपमा बसेर जागिर खाइरहेको भए मैले कति जना निदोर्ष जनताको हत्या गर्नुपर्थ्यो । जे भए पनि अहिले म स्वतन्त्र छु । आत्मग्लानी भएको छैन । जीवन हत्केलामा राखेर पनि देश र जनताको निम्ति लड्दै छु । ...आकाशमा सधैं बादल मात्र काँ लाग्छ र ?.. . यमराजको मात्रै दिन किन ? ...कुटिल चाल चाल्ने यो व्यवस्था र सरकारको मात्रै दिन किन ?... साम्राज्यवादको जरा एक दिन अवश्यै उखेलिने छ । पानी मात्रै पर्ने दिन आउँदैन । रविकिरण फिँजिने दिन पनि अवश्य नै आउने छ । (पृ. ३२१)

यसरी तल्लो तहमा रहेका, अभावकै कारण प्रहरीमा भर्ती भएकाहरू प्रयोग गरी गाउँबस्तीमा छापा मार्ने तथा निर्दोष बालबालिका, महिलाहरूलाई मार्ने, झुपडीहरूमा आगो लगाउने कुकृत्यहरू मन नपरेर माओवादी जनयुद्धमा लाग्ने प्रतिनिधि पात्रका रूपमा बलेलाई प्रस्तुत गरी उपन्यासमा निम्न वर्गीय पक्षधरता सबल रूपमा प्रस्तुत गरिएको छ । गरिब ग्रामीण भूभागका जनतामाथि भएको अन्याय, अत्याचार, शोषण र दमनको खुलेर विरोध गरिएको छ । तत्कालीन अवस्थामा पुलिसहरू रक्षक नै भक्षक भएर उत्रिएका थिए । उनीहरूका गाउँ, बस्तीहरूमा आगो लगाउने, युवावस्था पुगेका केटाकेटी जो भए पनि माओवादी नै हो भनेर कुटपिट गर्ने तथा हत्या गर्नेजस्ता घृणायोग्य प्रवृति उपन्यासमा उद्घाटन गरिएको छ । पुलिसका हाकिमहरूमा रहेको गालीगलौज गर्ने प्रवृति, अश्लील शब्दहरूको प्रयोग गरेर आफूभन्दा तल्लो तहका प्रहरी तथा सैनिक जवानहरूलाई दुर्व्यवहार गर्ने प्रवृत्ति कस्तो थियो भन्ने कुरासमेत यसले स्पष्ट गरेको छ । यस्तै विभेदकारी तथा शोषणमुखी राज्यसंयन्त्र भएकै कारण जनयुद्धको सुरुवात गर्नु परेका र युवाहरूले बाध्यतावस हतियार उठाएका कुरालाई यसले

प्रमाणित गर्न खोजेको छ। राज्यकै अत्याचारका कारण वर्गीय मुक्ति र न्यायका लागि जनविद्रोह सुरुवात भएको देखिन्छ। उपन्यासमा यही विद्रोहमार्फत समान पहुँच, विभेदरहित, समतामूलक र न्यायमूलक समाज स्थापनाको खोजी गरिएको छ। यसर्थ नयाँ मूल्य, मान्यता स्थापित गरेर सबैको काम र विचारको सम्मान गर्दै वर्गीय उत्पीडनबाट मुक्तिको खोजी गर्नुपर्छ भन्ने दृष्टिकोण उपन्यासकारको रहेको छ।

**७. निष्कर्ष**

यस उपन्यासमा राज्यसत्ताले गरेका अन्याय, अत्याचारका विरुद्धमा सुरुवात गरिएको माओवादी जनयुद्धलाई वर्गीय पक्षधरताका साथ प्रतिरोधमा उत्रिएका योद्धाहरूले उचाइतिर लगेका घटनाहरू वर्णन गरिएको छ। उपन्यासमा लम्जुङ, गोरखाजस्ता पहाडी भूभागका जनताका समस्या, उत्पीडन तथा दमन चित्रण गर्दै तिनै उत्पीडित जनताले सुरुवात गरेका विद्रोहहरूलाई प्राथमिकता दिइएको छ। सशक्त प्रतिरोधकै क्रममा उनीहरूमा वर्गीय चेतना तथा वर्गीय प्रेम विकास भएको देखिन्छ। गाउँका शोषक तथा शोषणमुखी राज्यव्यवस्थाका कारण उत्पीडनमा परेका पात्रहरूलाई नायक, नायिकाको मुख्य भूमिका दिई विद्रोहबाटै शोषक, उत्पीडकहरूले घुँडा टेकेका तथा अन्यायमा परेकाहरूले न्याय पाएका परिवेश चित्रण गरेर वर्गीय पक्षधरता देखाइएको छ। यसले दमित, उत्पीडित वर्गमा वर्गवैरी चिनेर विद्रोह गर्नुपर्ने सचेतना विकासमा सहयोग पुराएको देखिन्छ। उपन्यासमा नेपालका विभिन्न भूभागमा भएका यस्ता शान्तिपूर्ण तथा सशस्त्र विद्रोहमा दलित, उत्पीडित वर्गीय पात्रहरूले नै सङ्गठित भई वर्गीय शोषण, दमन तथा राज्यसंयन्त्रले गरेका खराब कामका विरुद्धमा प्रतिरोधी सङ्घर्ष गरेका छन् र वर्गीय पक्षधरताका साथ सामाजिक रूपान्तरण्को दिशामा अगाडि बढेका देखिन्छन्। सदियौंदेखिको दलन र उत्पीडनबाट मुक्तिका लागि दलित, उत्पीडित वर्गीय पात्रहरू एकताबद्ध भएर वैचारिक पक्षधारताका साथ विद्रोहमा उत्रिएका छन्। यसरी राज्यसत्ता र शक्तिका आडमा गरिएका विभिन्न किसिमका अन्याय, विभेद, बेथिति, शोषण, दमनका विरुद्धमा आवाज उठाउँदा माओवादीका नाममा सर्वसाधारणमाथि व्यापक हमला, दमन तथा कारवाही गरी मारिएका घटनाहरू वर्णन गर्दै त्यस्ता कुकर्मको विरोध गरी उपन्यासमा वर्गीय प्रेम र पक्षधरता प्रखर रूपमा अभिव्यक्त गरिएको छ। राज्यआतङ्कद्धारा घाइते भएका, बेपत्ता पारिएका तथा निर्ममतापूर्वक हत्या गरिएका घटनाहरू वर्णन गरी अग्रगामी चिन्तनका विरुद्ध राज्यसत्ता नै लागेका हुँदा बाध्य भएर जनता प्रतिरोधमा उत्रिएका कुरा स्पष्ट पारिएको छ। देशमा भ्रष्टाचार, शोषण, अन्याय, हत्या, हिंसा, बलात्कार चुलिएका बेला त्यसको विरोधमा माओवादीले जनयुद्धको सुरुवात गरिएको रहस्य उद्घाटन गरिएको छ। नेपाली समाजमा भएका सामाजिक, आर्थिक, राजनीतिक विभिन्न विकृति, बेथितिहरूका विरुद्ध विद्रोहलाई निरन्तरता दिन आह्वान गरिएको यस उपन्यासमा शोषक र शोषित वर्ग बिचको सङ्घर्षलाई चरम उत्कर्षमा पुऱ्याइएको छ। उत्पीडित वर्गीय प्रतिनिधि पात्रहरूकै विजय देखाएर निम्न वर्गीय सङ्घर्षलाई समर्थन गरिएको छ। दमन र उत्पीडनका विरुद्धमा साङ्गठानिक रूपमा, वैचारिक प्रतिबद्धताका साथ लाग्नुपर्छ, वर्गीय हितका निम्ति वर्गीय एकता गरेर वर्गसङघर्षमा आबद्ध हुनुपर्छ भन्ने वर्गीय दृष्टिकोण देखाइएको छ। विद्रोही पात्रहरूको विजयमा प्रकृतिसमेत खुसी भएको परिवेश देखाएर आख्यानकारले उनीहरूप्रति वर्गीय सहानुभूति प्रकट गरेका छन्। यो आख्यानकारकै वर्गीय माया तथा वैचारिक पक्षधरताका कारणले निर्माण भएको चेतना हो। यही चेतनालाई उनले आफ्ना क्रान्तिकारी तथा जुझारु पात्रहरूमार्फत प्रस्तुत गरेका छन्। यही नै यस उपन्यासको मुख्य उद्देश्य पनि हो। विद्रोही पात्रहरूप्रति सहानुभूति प्रकट गर्दै सामाजिक रूपान्तरण तथा वर्गीय मुक्तिका लागि वर्गीय सङ्घर्ष अपरिहार्य भएको सङ्केत उपन्यासमा गरिएको छ।

प्रतिक्रियावादी पुँजीवादी व्यवस्थाले गरेका भ्रष्ट, दलाल तथा व्यभिचारी प्रवृत्तिको खुलेर विरोध गरिएको यस उपन्यासमा सच्चा कम्युनिष्टहरू देशको कलङ्क हुन सक्दैनन् भन्ने साबित गर्न खोजिएको छ्। शोषित, उत्पीडित वर्गको प्रतिनिधित्व गर्ने क. प्रकाश, क. ज्वालाले जनमुक्ति मोर्चाको नेतृत्व गरी सामाजिक रूपान्तरणका बाधकहरूका विरुद्ध लडेका कुराले यसको पुष्टि गरेको छ।

उत्पीडित जनता लगायत सेना, पुलिसको जागिरसमेत छोडेर बुर्जुवा व्यवस्थाका विरुद्धमा सशस्त्र वर्गसङ्घर्षमा उत्रेका योद्धाहरूको त्याग, बलिदान र समर्पणले विकृति, विसङ्गति, शोषण र दमनहरूबाट मुक्त भई समतामूलक समाज स्थापना हुने सङ्केत उपन्यासले गरेको निष्कर्ष यस लेखमा निकालिएको छ। समाजको उन्नति तथा समान पहुँचयुक्त समाज स्थापनामा बाधक राज्यसत्ताका संयन्त्रहरूका विरुद्ध जस्तोसुकै सङ्घर्ष गर्न तयार योद्धाहरूका साहसिक क्रियाकलापहरू वर्णन गरी सशक्त वर्गपक्षयधरता व्यक्त गरिएको छ। उपन्यासमा समतामूलक समाज स्थापनाका लागि अझै जनविद्रोहको खाँचो रहेको

तर्फ पनि सङ्केत गरिएको छ। तथापि अहिलेका सत्तालिप्त कम्युनिष्टका विकृत विचार र व्यवहारबाट सामाजिक रुपान्तरण सम्भव छ त भन्ने गम्भीर प्रश्न पनि यसले उब्जाएको छ।

**सन्दर्भसूची**


चापागाईं, निनु (सम्पा.). (२०६७). *मार्क्सवादी साहित्य चिन्तन*. ललितपुरः साझा प्रकाशन।

चापागाईं, निनु (२०६७). मार्क्सवादी समालोचना विधि र मापदण्ड. *मार्क्सवादी साहित्य र जनयुद्धको सौन्दर्य*. सम्पा. घनश्याम ढकाल र अन्य. काठमाडौँः अखिल नेपाल लेखक सङ्घ।

चैतन्य (२०६४). *मार्क्सवादी कलादृष्टि र समीक्षा* (दो.संस्क.). ऐरावती प्रकाशन।

ज्ञवाली, रामप्रसाद (२०७१). साहित्यमा वर्गीयत र वर्गद्वन्द्वको अभिव्यक्ति- प्रक्रिया. *जुगल सैद्धान्तिक नेपाली समालोचना,* सम्पा. राजेन्द्र सुवेदी. काठमाडौँः जुगल पब्लिकेसन।

ढकाल, घनश्याम र अन्य (सम्पा.) (२०६७). *मार्क्सवादी साहित्य र जनयुद्धको सौन्दर्य*. काठमाडौँः अखिल नेपाल लेखक सङ्घ।

पाण्डेय, मैनेजर (२०६७). *साहित्य र सर्वहारा मार्क्सवादी साहित्य चिन्तन*. सम्पा. निनु चापागाई. ललितपुरः साझा प्रकाशन।

बराल, ऋषिराज (२०६७). *मार्क्सवाद र उत्तरआधुनिकतावाद*. साझा प्रकाशन।

भट्टराई, रमेशप्रसाद (२०६२ ). *घनश्याम ढकालका उपन्यासमा विचारधारात्मक अवस्थिति. यथार्थवादी नेपाली समालोचना*. सम्पा. घनश्याम ढकाल. पोखराः गण्डकी साहित्य सङ्गम।

भट्टराई, यदुनाथ (२०७८). *योद्धा*. काठमाडौँः विमला भट्टराई।

मिश्र, शिव कुमार (२०६७). मार्क्सवादी कलाचिन्तन र साहित्यसमीक्षाको विकास. *मार्क्सवादी साहित्य चिन्तन*. सम्पा. निनु चापागाई. ललितपुरः साझा प्रकाशन।

लुकास, जर्ज (२०६७). सौन्दर्यशास्त्रका बारेमा मार्क्स र एङ्गेल्सका विचारहरू. *मार्क्सवादी साहित्य चिन्तन*. सम्पा. निनु चापागाई. ललितपुरः साझा प्रकाशन।